**बागमती प्रदेश सरकार**

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## सञ्चार रजिष्ट्रारको कार्यालय

**हेटौंडा, मकवानपुर, नेपाल**

# रेडियो, टेलिभिजन र अनलाइनमा कार्यरत पत्रकार, रेडियो तथा टेलिभिजनमा कार्यरत बजार व्यवस्थापक, रेडियोमा कार्यरत प्राविधिकहरुलाई तालिमको अवसर

**सूचना प्रकाशित भएको मिति २०७९/०४/१३**

सञ्चार रजिष्ट्रारको कार्यालय बागमती प्रदेशले चालु आर्थिक बर्षमा सञ्चालन गर्ने तालिममा सहभागिता जनाई निशुल्क सीप सिक्न चाहने माथि तोकिएका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा निवेदन पठाउन सक्नुहुनेछ ।

**तालिम हुने बिषयहरुः**

**(क) रेडियो प्राविधिक तालिम**

**(ख) बजार व्यवस्थापकका लागि बिज्ञापन कला सम्बन्धी तालिम**

**(ग) पत्रकारका लागि अनलाइन पत्रकारिता, डाटा ड्रिभन पत्रकारिता र मोबाइल पत्रकारिता तालिम**

**नोटः**

(१) डाटा ड्रिभन पत्रकारिता तालिमका लागि अनलाइन पत्रकारिता तालिम लिएका र अनलाइन पत्रकारितामा क्रियाशिललाई प्राथमिकता दिइनेछ ।

(२) अनलाइन पत्रकारिता तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका अनलाइन सञ्चार माध्यममा क्रियाशिललाई प्राथमिकता दिइनेछ ।

(३) मोबाइल पत्रकारिता तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका टेलिभिजन र अनलाइन सञ्चार माध्यममा क्रियाशिललाई प्राथमिकता दिइनेछ ।

(४) बिज्ञापन कला तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका रेडियो तथा टेलिभिजन सञ्चालक संस्थामा क्रियाशिल बजार व्यवस्थापकलाई प्राथमिकता दिइनेछ ।

(५) रेडियो प्राविधिक तालिमका लागि बागमती प्रदेशमा दर्ता भएका रेडियोमा क्रियाशिल प्राविधिकलाई प्राथमिकता दिइनेछ ।

(६) तालिम लिन चाहनेहरुले सञ्चार रजिष्ट्रार कार्यालयको वेवसाइटमा रहेको निवेदनको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(७) प्राप्त निवेदन मध्येबाट छनौट हुने प्रशिक्षार्थीको नाम, तालिम हुने स्थान र मितिका बारेमा वेवसाइटमा सूचना प्रकाशित गरिनेछ ।

**निवेदन दिने स्थान**

**सञ्चार रजिष्ट्रारको कार्यालय**

**बागमती प्रदेश नेपाल**

**हेटौडा/काठमाडौ**

**वेवसाइट : https://cro.moial.p3.gov.np** — **फोन : ०५७-५२०२५० (हेटौडा)**

**इमेल : cro.p3.htd@gmail.com** — **०१-५५२०४४७ (काठमाडौ उपत्यका)**